आज मिति २०८१ साल चैत्र २८ गते दिनको १० : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को एघारौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | यांदव के.सी. | शिक्षा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | सहयोगी | |

## एघारौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. नव वर्ष २०८२ को शुभकामना सन्देश सम्बन्धमा ।
३. जलश्रोत मुहान दर्ता सम्बन्धमा ।
४. उच्च शिक्षा छात्रवृत्ति छनौट सम्बन्धमा ।
५. चालु आ.व.को योजना प्रगति पेश सम्बन्धमा ।
६. सुरक्षित नागरिक आवास सम्बन्धी प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
७. विविध छलफल सम्बन्धमा ।

## २०८१ चैत्र २८ गते बसेको एघारौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ऊ. | नव वर्ष २०८२ को शुभकामना सन्देश सम्बन्धमा । | नव वर्ष २०८२ को अवसरमा सुनिलस्मृति गाउँपालिका लगाएत समग्र नेपालीजनहरुमा नव वर्ष २०८२ हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने । | नव वर्ष २०८२ सालको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने समस्त सुनिलस्मृति गाउँपालिकावासी लगाएत सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरुमा सु-स्वास्थ्य, सुख, शान्ति, समृद्धि साथै उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | जलश्रोत मुहान दर्ता सम्बन्धमा । | रित पूर्वक पेश हुन आएका जलश्रोत उपभोक्ता समितिहरुलाई प्रमाण-पत्र उपलब्ध गराउन आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिकाको मिति २०८१/१२/०३ गतेको जलश्रोत मुहान दर्ता सम्बन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र कुनै प्रकारका निवेदन दर्ता हुन नआएको हुदाँ देहाय बमोजिमको समितिहरुलाई जलश्रोत उपभोक्ता समितिहरुलाई प्रमाण-पत्र उपलब्ध गराउने ।<br>देहाय :-<br>१) ओडारखोला देखी भिराखे खानेपानी उपभोक्ता तथा सरसफाई समिति स्किम नं. २ सुनिलस्मृति गाउँपालिका वडा नं. ८ अरेश रोल्पा ।<br>२) भलबाङ खानेपानी उपभोक्ता तथा सरसफाई समिति सुनिलस्मृति गाउँपालिका वडा नं. १ भलबाङ रोल्पा । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | उच्च शिक्षा छात्रवृत्ति छनौट सम्बन्धमा । | उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउन आवश्यक रहेको । | उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि-२०८१ को दफा ४ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिबाट निर्णय भई अनुमोदनका लागि सिफारिस भएको निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | चालु आ.व.को योजना प्रगति पेश सम्बन्धमा । | चालु आ.व.को हालसम्मको प्रगति समिक्षा पेश गर्न आवश्यक रहेको । | हालसम्मको भौतिक प्रगति ५४.८४% र बित्तीय प्रगति ३२.३७% रहेको छ १००% भौतिक र बित्तीय प्रगति हुने गरी कार्यसम्पादन गर्न कार्यालयलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | सुरक्षित नागरिक आवास सम्बन्धी प्रतिवेदन अनुमोदन सम्बन्धमा । | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सिफारिस समितिको प्रतिवेदन स्वीकृत गर्न आवश्यक रहेको । | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सिफारिस समितिबाट प्राप्त भएको प्रतिवेदन स्वीकृत गरि तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा । | क) मिति २०८१/१२/२७ गते बसेको शिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) विद्यालय पूर्वाधार विकास समिति गठन सम्बन्धमा । | ख) विद्यालय भौतिक पूर्वाधार निर्माण मापदण्ड, २०८० को दफा ६ को उपदफा (१) बमोजिम तपसिल बमोजिमको स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने ।<br>तपसिल<br>क) पूर्वाधार विकास समिति -संयोजक<br>ख) योजना तथा कार्यक्रम शाखा प्रमुख-सदस्य<br>ग) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य<br>घ) वातावरण शाखा प्रमुख -सदस्य<br>ङ) लैङ्गिक समता एवम् समावेशीकरण शाखा प्रमुख -सदस्य<br>च) शिक्षा शाखा प्रमुख -सदस्य | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) नगर प्रहरी पोशाक सम्बन्धमा । | ग) नगर प्रहरीलाई हालसम्म तोकिएको पोशाक गाउँपालिकाले खरिद गरि ल्याइरहेकोमा यस पटकका लागि निजामति कर्मचारीहरुले पाउदै आइरहेको पोशाक भत्ता सरहको रकम भुक्तानी दिने र साविकमा तोकिएको रङको पोशाकलाई निरन्तरता दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | घ) कार्यविधि स्वीकृत सम्बन्धमा । | घ) गाउँपालिकालाई आवश्यक रहेको "उपाध्यक्षसँग लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष